नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
फोन ०८८- ४००२२३
इमेल : pmamp.piu.salyan@gmail.com
वेब साइट: piusalyan.pmamp.gov.np

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान

पत्र संख्या: २०८२।८३
चलानी नं:

मिति: २०८२।०५।१३

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन।**

**सूचना नं. ५**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्यन एकाइ,सल्यानको चालु आ.व ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले **"कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तुहरूको लागि आवश्यक कागजात सहित मिति २०८२/०६/०२ गते भित्र यस कार्यलयमा उक्त कार्यविधिको **अनुसुची-१ अनुसारको ढाँचामा आवेदन** तथा **अनुसुची-२ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव** दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल:

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | अनुदान रकम तथा भुक्तानी प्रकिया |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | १६ देखी ४० वर्ष उमेर समूह भित्रका कृषक, कृषि उद्यमी, नीजि फार्म र कृषक समुह तथा सहकारी आवध्द कृषक/ कृषि उद्यमी | जोन लागु भएको जिल्ला (सल्यान र रुकुम पश्चिम) | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तुहरू:

१) तरकारी तथा तरकारीको बीउ बेर्ना व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,
२) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,
३) व्यवसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र मासुजन्य पदार्थको भण्डारण,
४) मौरीपालन व्यवसाय र मह प्रशोधन, प्रशोधन र बजारीकरण,
५) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,
६) प्राङ्गारिक, गड्यौली मलं वा जैविक मल उत्पादन तथा बजारीकरण,
७) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,
८) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको, उत्पादन, प्रशोधन र भण्डारण,
९) साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन,
१०) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,
११) प्राङ्गारिक कृषि वस्तु निर्यात (ब्रान्डीङ र प्याकेजिङ)
१२) बागवानी नर्सरी स्थापना तथा विकास, टिस्युकल्चर प्रबिधिबाट बिरुवा उत्पादन गर्ने व्यवसाय,
१३) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,
१४) अदुवा/बेशार र मसलाजन्य बलिको प्रशोधन र बजारीकरण।

२०८२/०५/१३
केशवराज बस्नेत
कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान

फोन: ०८८- ४००२२७
इमेल : pmamp.piu.salyan@gmail.com
वेब साइट: piusalyan.pmamp.gov.np

पत्र संख्याः २०८२।८३
चलानी नं:

निवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु:

१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

२) निबेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपी)।

३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० बर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।

४) उद्यम वा व्यवसाय दर्ता भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व........सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धि अन्य कागजातहरु।

५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

६) कृषक समुह/ सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/ सहकारी संस्थाको सिफारिस पत्र।

पुनश्चः १. आवेदन फारामको लागि कार्यक्रम कार्यान्वयन एकाईको कार्यालय श्रीनगर, सल्यान, सम्पर्क कार्यालय, सेरिगाउँ, रुकुम (पश्चिम) र प्राविधिक जोन एकाइ, चौरजहारी, रुकुम (पश्चिम) मा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै आवेदन फाराम यस कार्यालयको आधिकारिक वेवसाइटबाट पनि डाउनलोड गर्न सकिनेछ।

२. गत आ.व.हरुमा सोही प्रकृतिको अनुदान प्राप्त गरेका उद्यमी/व्यवसायी/फर्म/समूह/सहकारीहरूलाई कार्यक्रममा सहभागी गराइने छैन।

सम्पर्क ठेगाना:

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, शीतलपाटी सल्यान
फोन नं.-०८८४००२२७/९८५७८४४३२७
योजना शाखा, विनोद वली - ९८५७८५५५४६
सम्पर्क कार्यालय, सेरिगाउँ, रुकुम (पश्चिम) फोन नं -०८८५९४५५०
प्राविधिक जोन एकाइ, चौरजहारी, रुकुम (पश्चिम) फोन नं -०८८४०१२०